**प्रमुख समाचार:**

1. गृहमन्त्री श्री अमित शाहद्वारा भुवनेश्वरमा महानिर्देशकहरू र प्रहरी महानिरीक्षकहरूको तीन दिने अखिल भारतीय सम्मेलनको उद्घाटन
2. विभिन्न विषयमा प्रतिपक्षी दलको नाराबाजीका कारण लगातार चौथो दिन पनि संसदको दुवै सदनको कार्यवाही स्थगित
3. बंगलादेशलाई अल्पसंख्यकहरूको संरक्षणका लागि सबै कदम चाल्न भारतको आग्रह
4. अनि PV सिन्धुले लखनउमा भएको सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिपमा महिला एकलको सेमीफाइनलमा प्रतिस्पर्धा गर्दै

**अब समाचार विस्तारमा**

1. Amit Shah – Bhubaneswar

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज भुवनेश्वरमा पुलिस महानिदेशक र महानिरीक्षकहरूको अखिल भारतीय सम्मेलनको उद्घाटन गर्नुभयो। तीन दिने सम्मेलनमा आन्तरिक सुरक्षा, साइबर अपराध, माओवादी खतरा, कृत्रिम बुद्धिमता र ड्रोन आक्रमण, आतंकवाद नियन्त्रण जस्ता जल्दोबल्दो चुनौतीका बारेमा छलफल हुनेछ। यस अवधिमा विशिष्ट सेवाका लागि राष्ट्रपति प्रहरी पदक पनि प्रदान गरिने हाम्रा संवाददाताले जानकारी दिएका छन्। प्रधानमन्त्री श्री नरेन्द्र मोदी सोही कार्यक्रममा सरिक हुन भुवनेश्वर पुग्नुभएको छ।

2. Jaishankar – Fiji DyPm

विदेशमन्त्री डा सुब्रमण्यम जयशंकरले फिजीका उपप्रधानमन्त्री श्री मनोआ कामिकामिकासित आज दिल्लीमा भेटवार्ता गर्नुभएको छ। भारतमा सहकारी र विकास कार्यक्रमहरूमा श्री कामिकामिकाको सकारात्मक विचार सुनेर डा. जयशंकरले खुशी व्यक्त गर्नुभयो। भेटवार्तामा जैविक खेतीको सम्भावना, प्रविधिको प्रयोग र डिजिटल औजारका बारेमा छलफल भएको थियो।

3. Parliament

हिउँदे अधिवेशनको आज लगातार चौथो दिन पनि दुवै सदनमा अवरोध जारी रह्यो। प्रमुख व्यापार समूह विरुद्ध घुसखोरीको आरोपलगायत विभिन्न विषयमा विपक्षी दलको विरोधका कारण राज्यसभा र लोकसभाको बैठक दिनभरका लागि स्थगित भएको छ।

4. Loksabha - Fishermen

सरकारले आज पाकिस्तानको हिरासतमा २११, श्रीलंकामा १४१ र बंगलादेशमा ९५ जना भारतीय मछुवा रहेको जनाएको छ। लोकसभामा लिखित जवाफमा विदेश राज्यमन्त्री श्री कीर्तिवर्धन सिंहले १ हजार १७२ डुङ्गा पाकिस्तानको नियन्त्रणमा, १९८ श्रीलंकाको नियन्त्रणमा र ६ वटा बंगलादेशको हिरासतमा रहेको बताउनुभयो। श्री सिंहले बहराइनको हिरासतमा ३७, साउदी अरबमा २५ र कतारमा चार जना भारतीय मछुवाहरू हिरासतमा रहेको बताउनुभयो। उहाँले भारतीय मछुवाको रिहाइ र स्वदेश फिर्ता गर्ने सम्बन्धमा केन्द्र सरकारले कूटनीतिक माध्यम, औपचारिक वार्ताबाट सम्बन्धित सरकारसँग पहल गरिरहेको बताउनुभयो।

5. LS - Doctor

केन्द्र सरकारले देशमा 8 सय 11 जनाका लागि एक जना डाक्टर कार्यरत रहेको बताएको छ। स्वास्थ्य र परिवार कल्याण राज्यमन्त्री श्री अनुप्रिया पटेलले लोकसभामा लिखित जवाफमा 13 लाख 86 हजार भन्दा बढी एलोप्याथिक डाक्टरहरू र 6 लाख 14 हजार आयुष डाक्टरहरू पञ्जीकृत रहेको बताउनुभयो।

6. LS – Judge Vacancy

सरकारले न्यायपालिकामा पाँच हजार ६ सयभन्दा बढी न्यायाधीशको पद रिक्त रहेको जनाएको छ। आज लोकसभामा एक प्रश्नको लिखित जवाफमा कानूनमन्त्री श्री अर्जुन राम मेघवालले सर्वोच्च अदालतमा दुई, उच्च अदालतमा ३६४ र जिल्ला र मातहतका अदालतमा पाँच हजारभन्दा बढी पद रिक्त रहेको बताउनुभयो।

7. PM - Tourism

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पर्यटन क्षेत्रले धेरैको जीवनमा समृद्धि ल्याउने सम्भावना रहेको बताउनुभएको छ। पर्यटन मन्त्री श्री गजेन्द्र सिंह शेखावतको सामाजिक सञ्जाल पोस्टलाई साझा गर्दै श्री मोदीले सरकारले भारतको पर्यटन पूर्वाधार विस्तारमा ध्यान केन्द्रित गरिरहेको बताउनुभयो। पर्यटनमन्त्री श्री गजेन्द्रसिंह शेखावतले एक पोस्टमा प्रतिष्ठित पर्यटकीय केन्द्र विकास गर्न ४० वटा आयोजना स्वीकृत गरेको घोषणा गर्नुभएको छ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....**

8. MEA – Bangladesh

भारतले बंगलादेशलाई अल्पसंख्यकहरूको संरक्षणका लागि सबै कदम चाल्न आग्रह गरेको छ। आज नयाँ दिल्लीमा सञ्चारकर्मीलाई सम्बोधन गर्दै, विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जैसवालले यस सम्बन्धमा बंगलादेशको अन्तरिम सरकारले सबै अल्पसंख्यकको सुरक्षाको जिम्मेवारी काँधमा लिनुपर्ने भारतको अडान राख्नुभयो।

9. Bangladesh - ISKON

यसैबीच बंगलादेश सरकारले इस्कॉनलाई देशमा प्रतिबन्ध लगाउने विषयमा कुनै छलफल नभएको जनाएको छ। अन्तरिम सरकारका वातावरण, वन तथा जलवायु परिवर्तनसम्बन्धी सल्लाहकार सैयदा रिजवाना हसनले बिहीबार ढाकामा सो जानकारी दिएकी हुन्।

10. J & K - Raid

जम्मू-कश्मीरको किश्तवार जिल्ला पुलिसले पाकिस्तान र यसको नियन्त्रित कश्मीरबाट सञ्चालित सात फरार आतंककारीहरूको सम्पत्ति जफत गरेको छ। यसअघि, डोडा जिल्लाको राष्ट्रिय अनुसन्धान एजेन्सीको विशेष अदालतले पाकिस्तान र यसको नियन्त्रित कश्मीरबाट संचालित किश्तटवाडका ३६ आतंककारीहरूलाई फरार घोषित गरेको थियो।

11. Indian – Srilanka - Navy

भारतीय नौसेनाले श्रीलंकाको नौसेनासँगको सहकार्यमा आज अरब सागरमा माछा मार्ने दुईवटा डुङ्गाबाट करिब पाँच सय किलोग्राम लागुऔषध बरामद गरेको छ।

12. Akashvani - Haribansa

राज्यसभाका उपसभापति श्री हरिवंशले आज आकाशवाणीमा डा. राजेन्द्र प्रसादको सम्झनामा व्याख्यान दिनु हुनेछ। यो व्याख्यान हरेक वर्ष डिसेम्बर ३ मा भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसादको जन्मजयन्तीमा प्रसारण गर्ने गरिन्छ।

13. Cyclone Fenjal

दक्षिण पश्चिम बङ्गालको खाडीमा आज दिउँसो चक्रवाती आँधी फेञ्जलको न्यून चापीय रेखा बनेको छ। भोलि दिउँसो महाबलीपुरम र कराइकलको बीचमा चक्रवात न्यून चाप हुने क्षेत्रीय मौसम विभागले जनाएको छ। तराई क्षेत्रमा बसोबास गर्ने जनताका लागि जम्मा २ हजारभन्दा बढी राहत शिविर स्थापना गरिएको छ। तमिलनाडुका नौ जिल्लामा सतर्कता जारी गरिएको छ। प्रतिघण्टा ७० देखि ८० किलोमिटरको गतिमा हावा चल्ने सम्भावना रहेकाले मानिसहरूलाई सावधानी अपनाउन र घरभित्रै बस्न सल्लाह दिइएको छ।

14. Gondia Bus Accident

महाराष्ट्रको गोन्दिया जिल्लामा आज दिउँसो सडक दुर्घटना हुँदा नौ जनाको मृत्यु भएको छ भने ३० जना घाइते भएका छन्। भण्डाराबाट गोन्दिया जाँदै गरेको राज्य परिवहनको बस बिन्द्रावन टोला गाउँ नजिकै अनियन्त्रित भई पल्टिएको हो। घाइतेहरुलाई गोन्दिया जिल्ला अस्पताल लगिएको छ।

15. Shillong – Gong – Festival

मेघालयमा आजदेखि दुईदिने मे–गोङ महोत्सव २०२४ सुरु भएको छ। गारो पहाडमा प्रचुर मात्रामा फुल्ने मे-गोङ फूलको नामबाट नामाकरण गरिएको यो पर्व संगीत, लोकनृत्य, स्वदेशी खेलकुद, हस्तकला र खानालगायत गारो संस्कृतिको प्रतीक हो। कार्यक्रमको उद्देश्य स्थानीय समुदाय, कलाकार, पर्यटक र कारीगरहरूलाई एकताबद्ध गर्नु र सांस्कृतिक संवादलाई प्रवर्द्धन गर्नु हो। महोत्सवमा दुई लाखभन्दा बढीको सहभागिता रहने अनुमान गरिएको छ।

16. Badminton

लखनउमा भएको सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिपमा पीवी सिन्धु महिला एकलको सेमिफाइनलमा पुगेकी छिन्। उहाँले चीनकी दाई वाङलाई पराजित गरिन्। लक्ष्य सेनले पुरुष एकलको क्वाटरफाइनलमा अर्का भारतीय खेलाडी मिराबा लुवाङ मैस्नामसँग प्रतिस्पर्धा गर्नेछन्। मिश्रित युगलको क्वार्टरफाइनलमा भारतका ध्रुव कपिला र तनिशा क्रास्टोले मलेसियाका लु बिङ कुन र हो लो ईलाई पराजित गरे।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. गृहमन्त्री श्री अमित शाहद्वारा भुवनेश्वरमा महानिर्देशकहरू र प्रहरी महानिरीक्षकहरूको तीन दिने अखिल भारतीय सम्मेलनको उद्घाटन

2. विभिन्न विषयमा प्रतिपक्षी दलको नाराबाजीका कारण लगातार चौथो दिन पनि संसदको दुवै सदनको कार्यवाही स्थगित
3. बंगलादेशलाई अल्पसंख्यकहरूको संरक्षणका लागि सबै कदम चाल्न भारतको आग्रह
**4.** अनि PV सिन्धुले लखनउमा भएको सैयद मोदी अन्तर्राष्ट्रिय ब्याडमिन्टन च्याम्पियनसिपमा महिला एकलको सेमिफाइनलमा प्रतिस्पर्धा गर्दै

**आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार, पूरा भयो।**